# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०१।२७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम (SNRTP) तर्फको नियमित सडक मर्मतसंभार र रुख विरुवा रोप्ने कार्य अन्तर्गत साविकको जिल्ला प्राविधिक कार्यालय, सप्तरीबाट रुपनगर, सवानपुर, पथरी, घोघनपुर समेतका सडक खण्डमा ग्रावेल सप्लाई गर्ने र बोटविरुवा रोप्ने कार्य गर्दा प्रक्रिया नपु्‍याई भुक्तानी गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन जिल्ला प्राविधिक कार्यालय सप्तरीका प्रमुख जिल्ला इन्जिनियर राज कुमार गोईत, इन्जिनियर उग्रानन्द पाठक र लेखापाल छत्र बहादुर श्रेष्ठले वास्तविक रुपमा भए गरेको कामभन्दा बढी परिमाणको काम गरेको भनी काम नै नगरेको विवरणसमेत गलत रुपमा उल्लेख गरी सोही गलत विवरण समेतलाई समेटी झुट्टा बिल भरपाई बनाई सो बिल अनुसार रु. ६६,६४,६९२।२२ भुक्तानी दिने र लिने कार्य गरेको तथा माँ जानकी निर्माण सेवा, अन्नपूर्ण कन्स्ट्रक्सन र एभरेष्ट निर्माण सेवासँगको मिलेमतोमा आफुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानिनोक्सानी पु्‍याउने कार्यसमेत गरेको देखिएको हुँदा जिल्ला प्राविधिक कार्यालयका कर्मचारी एवं निर्माण व्यवसायीहरु उपर निम्नानुसार सजायको मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन प्रमुख जिल्ला इन्जिनियर राज कुमार गोईत र इन्जिनियर उग्रानन्द पाठक | जिल्ला प्राविधिक कार्यालय, सप्तरी | रु. ६६,६४,६९२।२२ | भ्रष्टाचार निवारण, ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कसुरजन्य कार्य भएकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय मागदावी लिइएको छ । |
| २. | तत्कालीन लेखापाल छत्र बहादुर श्रेष्ठ | जिल्ला प्राविधिक कार्यालय, सप्तरी | रु.२,५४,७१०।७६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कसुरजन्य कार्य भएकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजायको मागदावी लिइएको छ । |
| ३. | प्रोप्राइटर भुपेन्द्र यादव (निर्माण व्यवसायी) | माँ जानकी निर्माण सेवा | रु.२१,००,२४०।९७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरजन्य कार्य भएकोले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजाय मागदावी लिइएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ४. | प्रोप्राइटर विजय कुमार यादव (निर्माण व्यवसायी) | एभरेष्ट निर्माण सेवा | रु.२६,५४,२१४।४५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरजन्य कार्य भएकोले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजायको मागदावी लिइएको छ । |
| ५. | प्रोप्राइटर ममता देवी यादव (निर्माण व्यवसायी) | अन्नपूर्ण कन्सट्रक्सन | रु.१९,१०,२३६।७९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरजन्य कार्य भएकोले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजायको मागदावी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी